आज मिति २०७८।०३।२३ गते प्र.जि.अ. श्री चन्द्र बहादुर शिवाकोटीको अध्यक्षतामा जिल्ला कोभिड - १९ व्यवस्थापन समितिको बैठक बसी देहायानुसार निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री चन्द्र बहादुर शिवाकोटी, प्र.जि.अ., जि.प्र.का. | - अध्यक्ष |
| श्री चित्र बहादुर भट्टराई, प्र.ना.उ., जि.प्र.का, | - सदस्य |
| श्री खुम बहादुर के.सी. .स.प्र.ना.उ,स.प्र.बल नं ४५ गुल्म | - सदस्य |
| श्री दिल बहादुर चौधरी, प्र.प्र.अ. रा.अ.जि.का. | - सदस्य |
| श्री जितेन्द्र कार्की, सह-सेनानी, सु.से.मु. गमगमढी | - सदस्य |
| श्री शोभा चौलागाई, नि.जि.स.अ. | - सदस्य |
| श्री करुणा भट्टराई, नि.स्वा.से.व्य., स्वा.से.का. | - सदस्य |
| श्री गणेशप्रसाद कोइराला, स.प्र.जि.अ., जि.प्र.का. | - सदस्य सचिव |

सल्लाहकार

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति

अन्य उपस्थिति

श्री जय बहादुर मल्ल, सभापती, नेपाल रेडक्रस सोसाइटी, मुगु

श्री कमल बहादुर बुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु

निर्णयहरु

निर्णय नं १

कोभिड-१९ को रोकथाम एवं नियन्त्रणका सम्बन्धमा यस अघि *DCMC* बैठकले गरेका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं २

कोभिड-१९ को संक्रमण रोकथाम र न्यूनिकरणका लागि यस जिल्लामा पछिल्लो पटक मिति २०७८।३।१५ गते राति १२ बजे देखि २०७८।०३।२३ गते राति १२ बजेसम्म निषेधाज्ञा जारी भई आएकोमा कोभिड-१९ को संक्रमणको जोखिम कायमै रहेकाले कोभिड -१९ को रोकथाम तथा नियन्त्रण कायम राखी आम नागरिकको जनस्वाध्यलाई मध्यनजर गर्दै उक्त निषेधाज्ञा लाईलाई मिति २०७८/०३/३१ गते राती १२ बजे सम्मका लागि निरन्तरता दिदै निम्न बमोजिम गर्ने/गराउने ।

क. संचालन गर्न नपाइने कार्यहरु

- निषेधाज्ञा अवधिमा वाहिर ननिस्कने। अत्यावश्यक काम परि निस्कनै पर्ने भएमा अनिवार्य मास्क लगाउने, कम्तिमा २ मिटर भौतिक दूरी कायम गर्ने, स्यानीटाइजर प्रयोग गर्ने वा साबुन पानीले पटक पटक हात धुने । जनस्वास्थ्य सुरक्षाका थप मापदण्डहरु पालना गर्ने/गराउने ।
- भौतिक उपस्थितिमा हुने सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, सिनेमा हल, मनोरञ्जन स्थल, सैलुन, होटेल, पार्टीप्यालेस, व्युटिपार्लर, जिमखाना,कवडहल, समुहमा खेल्ने खेलकुद, पुस्तकालय आदि सञ्चालन नगर्ने/नगराउने ।
- क्याम्पस, विद्यालय लगायतका सबै प्रकारका शैक्षिक संस्था तालिम प्रशिक्षण केन्द्रहरु तथा विद्यालयमा भौतिक रुपमा उपस्थित भई सञ्चालन हुने परीक्षाहरु संचालन नगर्ने ।
- धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा अनुसार मन्दिर, गुम्बा ,चैत्य, विहार, मस्जिद, चर्च आदिमा लाग्ने पर्व ,मेला आदिमा भेला हुन नपाउने तर जनस्वास्थ्यका मापदण्डहरु पालना गरी सिमित व्यक्तिद्वारा गरिने नित्य ,पुजा ,प्रार्थना, गर्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
- धार्मिक तथा सामाजिक परम्परा अनुसार गरिने विवाह, व्रतबन्ध ,मृत्यु संकार जस्ता कार्यहरुमा १५ जना भन्दा बढी भेला हुन नपाउने ।
- अन्तर जिल्ला सार्वजनिक तथा निजि यात्रुवाहक सवारी साधन सञ्चालन नगर्ने/नगराउने।

ख. संचालन गर्न पाइने सेवा तथा कार्यहरु

- सार्वजनिक सेवा प्रवाह गर्ने सबै प्रकारका संघ/प्रदेश/स्थानीय तहका सरकारी, एवं गैरसरकारी कार्यलयहरुमा कार्यालय प्रमुख ज्यूहरुले कोभिड-१९ को जोखिमलाई मध्यनजर गर्दै कार्यालयमा भिडभाड नहुने गरी जनस्वास्थ्यका मापदण्डहरु पालना गर्दै कार्यालय संचालन गर्ने /गराउने। बैंक तथा वित्तिय संस्थाहरुले नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम सेवा संचालन गर्ने ।

- चालु आर्थिक वर्षको अन्तिम साता रहेकाले जिल्लामा संघ, प्रदेश, र स्थानिय तहद्वारा संचालित वहुवर्षिय तथा यस चालु आ.व. २०७७।७८ मा भुक्तानी दिइ सक्नुपर्ने योजना तथा सार्वजनिक विकास निर्माणका कार्यहरुमा जन स्वास्थ्यका मापदण्डहरु पालना गर्दै कार्यसम्पादन गर्ने/गराउने ।
- अत्यावश्यक सेवा अन्तर्गत पर्ने औषधि तथा स्वास्थ्य सामाग्रीहरु विक्रि गर्ने पसलहरु खुला गर्ने ।
- खाद्यान्न, फलफुल, तरकारी, पानी, मासुजन्य पसल, दुग्धजन्य पसल, ग्यास लगायतका अत्यावश्यक एवम् दैनिक उपभोग्य बस्तुका पसलहरु र योजना/ आयोजनामा प्रयोग हुने निर्माण सामाग्रीहरु विक्रि वितरण गर्ने पसल, पुस्तक पसलहरु, कृषि र पशुपालनसंग सम्वन्धि मल, विउविजन, विरुवा, किटनाशक औषधि, फेन्सी र पशु आहार विक्री गर्ने पसलहरुमा स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्ण पालना गर्ने गरी विहान देखि साँझ ४:००वजेसम्म खुला गर्ने।
- जनस्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिर्वाय पालना गरी सवै प्रकारका सवारी साधनहरुले सिट क्षमता सम्म यात्रुहरु राखी जिल्लाभित्र सञ्चालन गर्ने/गराउने।
- एम्वुलेन्स, शव वहान, दमकल, फोहोर मैला व्यवस्थापनमा प्रयोग हुने साधन, खाद्यान्न, स्वास्थ्य समाग्री, निर्माण सामाग्री, पाठ्यपुस्तक वोकेका सावारी साधनहरु, कुरियर तथा डाँक सेवा निर्वाधरुपमा संचालन गर्ने ।
- जिल्ला भित्र संचालित उद्योग धन्दा, कलकारखाना संचालन गर्दा आवासिय रुपमा श्रमिक/कामदारहरुले स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण परिपालन गर्ने गरी संचालन गर्ने ।

निर्णय नं. ३

कर्णाली प्रदेश सरकारवाट कोभिड-१९ प्रतिकार्यका लागि *DCCMC* बैठक, समन्वय, सहजीकरण र परिचालनमा खर्च गर्न स्वास्थ्य सेवा कार्यालयलाई खर्च शिर्षक २२५२२ मा प्राप्त भएको बजेटलाई कोरोना नियन्त्रण सम्वन्धमा परिचालन भएका जनशक्तिका लागि स्वास्थ्य सामाग्री खरिद, सवारी साधनको मर्मत खर्च, इन्धन खर्च, बैठक चिया खाजा खर्च, अनुगमन, एवं सहयोगीदाता निकायहरु/व्यक्तिहरु लाई प्रशंसापत्र प्रदान लगायतका कार्यहरुलाई सम्वोधन गर्ने गरी खर्च गर्ने निर्णय गरियो ।